# पाठ ४ : परमेश्वरको वचन
# कथा सिक्नु र भन्नु

**किन हामी बालबालिकाहरुलाई सिकाउनको लागि बालबलका कथाहरु प्रयोग गर्दछौं**

१. परमेश्वरको वचन हाम्रा शब्दहरुभन्दा शक्तिशाली छ।
२. पवित्र आत्माद्वारा परमेश्वरको वचनले मानिसको जीवनलाई परिवर्तन गर्दछ।
३. येशूले सधैं कथा र दृष्टान्तबाट सिकाउनुभयो (यूहन्ना १३:३४)
४. सबैतिरका मानिसहरू कथा मन पराउाछन्। तपाईं जोसुकैसित जहाा पनि कथा भन्न सक्नुहुन्छ।
५. परमेश्वरको वचन सिक्ने मानिसहरु उहाँसित झन् घनिष्ट हुँदछन्।
६. बालबालिका तथा शिक्षक/शिक्षिकाहरु परमेश्वरलाई नचिनेका मानिसहरुलाइ ँ कथा सुनाउन सक्छन्।

**शिक्षक/शिक्षिकाहरू क्लबमा आउनुभन्दा अघि उनीहरु सबैले बाइबलको हरेक कथा जानेको किन अपेक्षा राख्दछौं**

१) शिक्षक/शिक्षिकाहरूले बालबालिकालाई कथा प्रस्तुतिको नमूना देखाउनुपर्ने हुन्छ। बा(लबालिकाहरूले कथा प्रस्तुत गर्ने विविध शैलीहरु देख्नेछन्। साथै, उनीहरुले कथा जो कोहीले पनि सिक्न र भन्न सक्ने रहेछन् भन्ने कुरा थाहा पाउनेछन्।
२) जब समूह शिक्षक तथा शिक्षिकाले कथा सिक्नेछन्, उनीहरूले "कथालाई आफ्नै शैलीमा ढाल्नेछन्।" उनीहरू आ-आफ्ना साना समूहहरुलाई अगुवाइ गर्न **हृदय र हाते** प्रश्नहरुसहित तयार भएर आउनेछन् अनि बालबालिकालाई पनि "आफ्नै कथा शैलीमा ढाल्न" सहायता गर्नेछन्।
३) बालबालिकाहरुले आफ्ना साथीहरू र परिवारलाई बाइबल कथा दुरुस्तै बताउन सकून् भन्ने हेतुले सबै बालबालिकाहरूलाई बाइबल कथा राम्ररी सिक्न लगाउादछौं।
४) अवानामा सबै जना परमेश्वरमा सक्रिय भई बढेको चाहन्छौं। बाइबल कथा अध्ययन गर्नाले वा सिक्नाले हरेक शिक्षक वा शिक्षिकालाई परमेश्वरको वचनमा उहाासित मिठासपूर्ण सङ्गति गर्न अवसर प्रदान गर्दछ। हामी उहाँको वचन अध्ययन गर्दछौं भने उहाँले नै हाम्रो आत्मिक वृद्धि पनि गर्नुहुन्छ।
५) हामी शिक्षक शिक्षिकाहरुलाई, हप्तामा एक घन्टा सम्म बाइबल कथा तयार गर्न समय बित(ाउन आग्रह गर्दछौं। जब उहाँहरु कथाहरु सिक्ने क्रममा असल बन्दै जानुहुन्छ तब कम समय लाग्ने हुँदै जानसक्छ। कथा तयारीको लागि **परिशिटाङ्क** मा **"साना समुहका शिक्षक शिक्षिकाहरुको लागि बाइबल कथा तयारी"** मा हेर्नुहोस्।

## बाइबल कथा सिकाइ र तयारी सम्बन्धी संक्षिप्त अवलोकन

**१) सबै शिक्षक तथा शिक्षिकाले आ-आफ्ना साना समूहहरुलाई नेतृत्व गर्ने उद्देश्यले कथा सिक्ने**
**२) दुई जना शिक्षक वा शिक्षिकाहरुले कथा प्रस्तुतिकरणको निम्ति कथा तयार पार्ने**
**३) कथा भन्ने**

### <u>सबै शिक्षक तथा शिक्षिकाले आ-आफ्ना साना समूहहरुलाई नेतृत्व गर्ने उद्देश्यले कथा सिक्ने</u>

### आफ्नो हृदय तयार पार्नुहोस्

१. येशू ख्रीष्टको जीवन जिउनु र उहाँको प्रेमको प्रदर्शन गर्नुको औचित्य विचार गर्नुहोस् ।
२. परमेश्वरद्वारा ज्ञान-बुद्धि प्राप्त होस् भनी प्रार्थना गर्नुहोस् ।
३. कथालाई धेरै पटक पढ्नुहोस् वा सुन्नुहोस् । इन्टरनेटको माध्यमबाट तपाईले विभिन्न संकरणका बाइबल पढ्न वा धर्म शास्त्रका विभिन्न श्रव्य खण्डहरु सुन्न सक्नुहुन्छ ।
४. कथामा डुब्नुहोस् अनि त्यस कथाभित्र परमेश्वरको सत्यता पत्ता लगाउनुहोस् ।
५. धेरै पटक धर्मशास्त्रमा घोत्लिरहनुहोस् (हेरिरहनुहोस्) ।
   - के तपाईं आफैलाई त्यस कथाभित्रको कुनै पात्रको रुपमा कल्पना गर्न सक्नुहुन्छ ?
   - के तपाईं त्यस कथाभित्रका मानिसहरुको दृष्टिकोण थाहा पाउन सक्नुहुन्छ ? र, परमेश्वर को दृष्टिकोण नि ?
   - सोध्नुहोस् : को ? के ? कहिले ? कहाँ ? कसरी ?
   - पवित्र आत्माले तपाईंलाई के कुरा प्रकट गर्दै हुनुहुन्छ त नि ?

### कथालाई खण्डीकरण गर्नुहोस् (Break the Story down)

१. अध्याय-अध्याय (Chapters) गरेर वा दृश्य-दृश्य (Scenes) छुट्याएर
२. मानसिक-चित्रण (Mindmaps) (अर्को पृष्ठमा)
३. स्टोरी-बोर्ड (Storyboards) ( पछिल्लो पृष्ठमा)
४. अन्यतिर ठाउा वा क्षेत्रतिर सरेर (Moving to locations)
५. हातका इसाराहरु /हावभाव (Hand gestures)
६. मूल शब्दहरु वा वाक्यांशहरु (Key words or phrases)

### अभ्यास


१. **कथा सिक्न प्रचुर समय दिनुहोस्** । तपाईंलाई खरर नआएसम्म अभ्यास गरिरहनुहोस् । (त्यसो गर्नुको एउटा कारणचाहि यो हो : तपाईंले आफ्नो साना समूहमा भएका बालबालिकाहरुलाई कथा पुनः प्रस्तुति गतिविधिहरुमा सहायता गर्न सक्नुभएको होस् । यदि बालबालिका अलमल भएमा तपाईंले बाइबल वा नोट प्रयोग नगरिकनै उनीहरुलाई सहायता पुऱ्याउन सक्नुहुन्छ ।)

२. **कथा बाइबलअनुसार सटिक हुनुपर्छ भन्ने कुरा संझनुहोस् ।** कथामा केही पनि थपन-थापन नगर्नुहोस् ! शंका लागेमा सदैव बाइबल पल्टाएर त्यहाँ के के रहेछन् भनेर फेरि नियाल्नुहोस् ।

३. अरुहरुलाई बाइबलका कथा बताउन तपाईं जति पारङ्गत बन्दै जानुहुन्छ, तपाईंले त्यति नै राम्ररी कथा सिक्ने तरिका जान्नुहुनेछ ।

**केही हृदय र हाते प्रश्नहरुको पूर्व तयारी गर्नुहोस् ।**

कथा प्रस्तोताले कथा पुनः भन्ने क्रियाकलापहरु भ्याइसकेपछि सा-साना समूहहरुमा कथा सिकाइलाई निरन्तरता दिनुहोस् । तपाईंको समूहमा भएका बालबालिकालाई कथासित घनिष्ट रुपमा जोड्नका लागि मार्गनिर्देशन बन्ने खालका केही हृदय प्रश्नहरु तयार बनाउनुहोस् । उनीहरुलाई कार्यान्वयन चरणमा उत्रन अभिप्रेरित गर्नको लागि पवित्र आत्माले बोल्नु भएका कुरा सुन्न सहायता पुऱ्याउने खालका केही हाते प्रश्नहरु तयार पार्नुहोस् । (मष्तिस्क, हृदय र हाते प्रश्नहरु सम्बन्धी पाठ ९ मा अझै बढी छलफल गरिनेछ ।)



# कथा कोर्नु

**बाइबल कथा:.........................................................................**

**बाइबल पद .........................................................................**

## दुई जना शिक्षक वा शिक्षिकाले कथा प्रस्तुतिको निम्ति कथा तयार पार्ने

यदि तपाई कथा प्रस्तोता हुनुहुन्छ भने तपाईंले अलिकति बढी केही कार्य गर्नुपर्ने हुन्छ । तपाईं आफैंले कथा बुझिसकेपछि **कथा परिचय** (तल दिइएको छ) साथसाथै **कथा पुनः भन्न** (पाठ ५) क्रियाकलापहरु र खेलहरु पनि तयार पार्नुहोस् । अनि, सम्पूर्ण कक्षाको लागि ( पाठ ९)दिमाग र हृदय प्रश्नहरु पनि तयार पार्नुहोस् ।

संभव भएमा, कथा भन्नको निम्ति हरेक हप्ता दुई जना शिक्षक वा शिक्षिकाहरु खटिऊन् भनी सुझाव दिन चाहन्छौं । यस प्रकारले, यदि एक जना उपलब्ध नभए तापनि अर्कोले कथा प्रस्तुत गर्न सक्दछ । कथालाई क्लबमा प्रस्तुत गर्नु अगाडि अझै आत्मबल थपियोस् भन्ने हेतुले आफ्ना साथीभाइहरु वा परि वार जनहरुसित पनि कथा अभ्यास गर्नुहोस् भनी तपाईंलाई सल्लाह दिन्छौं ।

**कथा परिचय**

१. **कथा शुरुआत** कथाको शिर्षकमा केन्द्रित हुन्छ र त्यसले बालबालिकाहरुलाई कल्पनाको संसारमा तान्न वा आफ्नो जीवनतिर फर्केर हेर्न उनीहरुमा व्यक्तिगत अभिरुचि वा संञ्योजन (Connection) स्थापित गरिदिन्छ ।

२. **सहभागी निर्देशिका** चाहिँ कथा प्रस्तुत गर्दा हरेक समय प्रयोग गर्न सकिन्छ ।

- कल्पना प्रयोग गर्नुहोस् वा कथाभित्र डुब्नुहोस् । तपाईंलाई कस्तो अनुभूति भइरहेको छ ? पात्रहरुले कस्तो अनुभूति गरिरहेका होलान् ?
- तपाईंका धारणाहरु महत्त्वपूर्ण भएकाले सबै सहभागीबाट हामी सुन्न चाहन्छौं ।
- आजको कथामा वा हामीले प्रस्तुत गरिसकेका कथाहरुमै सीमित रहनुहोस्

३. **कथा पृष्ठभूमिले** बाइबल कथा अझ राम्ररी बुझ्न महत्त्वपूर्ण जानकारी दिादछ ।

- कथा शुरु गर्नुअघि के के घटना भए बताउनुहोस् ।
- कथा बुझ्न सहायता पुगोस् भनेर बाइबलीय युगका संस्कृतिहरु बारे जानकारी दिनुहोस् ।
- कथाका महत्त्वपूर्ण शब्दहरु बताइदिनुहोस् ।

<table>
<tr><th colspan="2">कथा शुरुआत र कथा पृष्ठभूमि</th></tr>
<tr><td colspan="2">तल दिइएका कथनहरु पढ्नुहोस् अनि  कथा शुरुआत र कथा पृष्ठभूमिको भिन्नता छुट्याउनुहोस् । त्यसपछि आफ्ना केही उदाहरणहरु पस्कनुहोस् ।</td></tr>
<tr><th>कथा शुरुवात</th><th>कथाको पृष्ठभूमि</th></tr>
<tr><td>
• तपाईं कहिल्यै हराउनुभएको छ ?<br>
• कुनै व्यक्तिदेखि सहायता पाउन कुन बेला ऊमाथि भरोसा गर्नु पऱ्यो ?<br>
• तपाईंले  कुन कुरा  हराउनुभयो भने तपाईं साँच्चि नै निराश बन्नुहोला ?<br>
• तपाईं साँच्चि नै डराउनुभएको क्षण हामीलाई बताउनुहोस् ।<br>
• यदि तपाईं विश्वको कुनै ठाउँमा जान पाउनुभयो भने कुन ठाँ जानुहुन्छ होला?<br>
•<br>
•<br>
•
</td><td>
• यहूदीहरु सामरीहरुलाई मन पराउँदैनन् थिए ।<br>
• येशूले शिक्षा दिन प्रयोग गर्नुभएको दृष्टान्तचाहि कथा हो ।<br>
• कथाभन्दा अघि  येशूले ५००० लाई खुवाउनुभयो ।<br>
• कुष्ठरोग आजको समयमा निको हुन सक्ने रोग हो । येशूका पालामा मानिसहरू कुष्ठरोग लागेका व्यक्तिहरुबाट यो रोग सर्ला कि भनेर डराउँथे । यदि तपाईंलाई कुष्ठरोग लागेको भए तपाईं पनि अरू मानिसहरूबाट टाढा रहनुपर्थ्यो ।<br>
•<br>
•
</td></tr>
</table>

**कथा प्रस्तुतिका तरिका र तक्निकीहरु**

**परमेश्वरको तरिका**

१. संझन सकिने
२. अप्रत्याशित
३. बहु-संवेदक
   - दृष्टि
   - स्पर्श
   - श्रवण
   - गन्ध
   - स्वाद

**कथा कलात्मक बनाउनु**

१. कथा पृष्ठभूमिमा बाइबल समयका संस्कृतिको बारेमा बताउनु

२. उमेर उपयुक्त तुल्याउनु

३. (सङ्ख्या, व्यक्तिवाचक नाम वा स्थान जस्ता आदि कुराहरु ) आवश्यक पर्दैन ।

**स्वर**

१. स्वराघात (Pitch) –आरोह-अवरोह

२. बिराम (Pause)– काम गर्न पवित्र आत्मालाई पर्खनु

३. गति (Pitch)–छिटो र ढीलो

४. ध्वनि शक्ति (Volume)–चर्को र मधुरो

**कथा प्रस्ततिका विभिन्न तरिकाहरु**

१. प्रथम पुरुष : आफै कथाको पात्रको रुपमा हुनु

२. तृतीय पुरुष : बाइबलको कथा प्रस्तोताको रुपमा

३. कलात्मक प्रयास : कथा प्रस्तुत गरिँदै गर्दा कथाका खण्डहरु चित्रात्मक रुपमा कोर्नु

४.चीजबीज : कपडा, स्प्रे बोतल, करुवा, टेबल, ढुङ्गा

५.नाटक

६.श्रोता सहभागीता

**कथा संप्रेषण**

१. हलचल–एकै ठाउामा नबस्नु


२. श्रोता सहभागीता


- शब्दहरु वा वाक्यांशहरु पुनरावृति गर्नु
- हात तथा शारीरिक हावभाव
- ध्वनि प्रभाव


३. अभिनय गरेर देखाउनु


४. अनुहारका अभिव्यक्तिहरु


**परिशिष्टाङ्क**मा भएको **“बाइबल कथा प्रस्तुतिकरण तयारी”** र **“प्रस्तोताको अभ्यास जाँचसुची”** नामक वर्कसिट कथा तयारीको निम्ति सहायकसिद्ध हुन सक्दछ ।



विश्वस्त



अलमल्ल



दोषी



खुशी



हतोत्साही



निराश



आशावादी


थकित



बदमास



भयभीत


रिसाएको


एक्लो


भयभीत


व्याकुल


इर्ष्यालु

## कथा भन्नु

कथा भन्न लाग्नुहुँदा बाइबल पल्टाउनुहोस् अनि बाइबल समात्नुहोस् । (मोबाइबल वा आइप्याडबाट बाइबल कथा नभन्नुहोस् ) सबैलाई भन्नुहोस्,"यो कथा बाइबलको कथा हो, त्यसैले यो कथा सत्य हो भन्ने कुरा हामीलाई थाहा छ ।" तपाईंले त्यसो भन्नुको अर्थ हो–तपाईंले आफ्ना शब्दहरु प्रयोग गरिर हनुभएको छैन बरु परमेश्वरको वचनचाहिँ बताउनु लाग्नुभएको छ भन्ने कुरा देखाउनलाई हो । कथा भन्ने क्रममा अहिलेचाहिँ बाइबललाई आफ्नो छेउमा राख्न सक्नुहुन्छ ।

तपाईंले तयार गरेअनुसार अब **कथा भन्नुहोस्** ।
कथा भनिसकेपछि बाइबल टिप्नुहोस् अनि बाइबल कथा सकियो भनी इंगित गर्न साथै अब तपाईं फेरि आफ्ना शब्दहरु प्रयोग गर्न लाग्दैहुनुहुन्छ भनी देखाउन बाइबल बन्द गर्नुहोस् । अथवा, तपाईंले यसो भन्न सक्नुहुन्छ,"आजको निम्ति कथा यति नै ।"

अब तपाईंले कथा भनिसक्नुभएको हुनाले बालबालिकाले साँच्चि नै कथा सिक्न सकून् भनेर उनीहरुलाई मौका दिन **कथा पुनः भन्ने** विभिन्न क्रियाकलापहरु अभ्यास गर्नुहोस् । ती क्रियाकलापहरुमा बा( लबालिकाहरुलाई कथाका विवरणहरु बुझ्न सहायता पुऱ्याउन सोधिनेदिमाग **प्रश्नहरु** र कथासित व्यक्तिगत रुपमा जोडिन सहायता पुऱ्याउन सोधिन **हृदय प्रश्नहरु** समेटिएका हुनेछन् । (**कथा भन्नु** शिर्षकमा पाठ ५ र दिमाग, हृदय र हाते प्रश्नहरु शिर्षकमा **पाठ ९** मा हेर्नुहोस् ।)

**स-साना समूहहरुलाई सहभागी गराउनु**

आफ्नो कथा प्रस्तुतिमा साना समूहहरुलाई कसरी सक्रिय तुल्याइराख्ने विषयमा निर्णय गर्नुहोस् । उदाहरणको निम्ति, कथा शुरुआत सम्बन्धी सङ्गति समयमा वा व्यक्तिगत समूहहरु दुवैमा छलफल गर्न सकिन्छ । यदि तपाईंले साना समूहहरुलाई सक्रिय सहभागी गराउने विचार गर्नुभएको छ भने शिक्षिक तथा शिक्षिकाहरुलाई तपाईंहरुले यति समय पाउनुहुनेछ भनेर बताइदिनुहोस् ताकि प्रत्येक सहभागी बालकले प्रत्युत्तर दिने अवसर पाओस् भनेर उनीहरु सुनिश्चित गर्न सक्छन् । समय सकिएपछि केही बालबालिकालाई सगोलमा आएर बोल्न लाउन सक्नुहुन्छ ।

त्यसरी नै, कथा पुनः भन्न तपाईंले तयार पार्नुभएका कतिपय क्रियाकलापहरु साना समूहहरुमा पनि प्रयोग गर्न सकिन्छ । शिक्षक वा शिक्षिकाहरुले तपाईंले दिनुभएका निर्देशनहरु पालन गर्नेछन् । साना समूहरुमा कुनै पनि बेला छलफल क्रियाकलापहरु तथा प्रश्नहरु सञ्चालन गर्न सकिन्छ । यसो गर्दा तपाईंले धेरैभन्दा धेरै बालबालिकाहरुलाई सक्रिय रुपमा सहभागी हुने अवसर प्रशस्त दिनुहुनेछ । यसले कथाप्रति बालबालिकाको अभिरुचि अभिवृद्धि गराइदिनेछ र उनीहरुलाई अझै गहिराइमा जान पनि अवसर दिनेछ ।

# पाठ ५ : चेलापन

# कथा पुनः भन्नु

**विश्वव्यापी कुरा - सबै संस्कृतिमा  पाइने कुराहरू**

१. आत्मीयता र परिवार

२. कथाहरु

३. सङ्गीत र  नृत्य

४. खेल तथा मनोरञ्जन

५. कला

**आत्मीयता  र परिवार**

हामी सबै जना परिवारमा आत्मीयता र विशेष स्थान चाहन्छौं । खीष्टको देह अर्को परिवार हो । यस परिवारमा सबै जनालाई  डाक्न चाहन्छौं । बालबालिकालाई आत्मीयता तथा  अपनत्व बोध गराउन सहायता पुऱ्याउने विविध तरिकाहरु बारे जान्न **परिशिष्टाङ्क**मा  दिइएको "**बाइबल कथा सिकाइको वातावरण सिर्जना गर्नु** " नामक पाठ हेर्नुहोस् । उदाहरणको लागि जब बालबालिकाहरुले कथा पुन भन्दछन्, तिनीहरुको प्रयासलाई अनुग्रही भएर स्वीकार गरिदिनुहोस् । कहिल्यै पनि तिनीहरुको उपहास नगर्नुहोस् बरु सँधै तिनीहरुलाई उत्साह दिनुहोस् ।

**पुन कथा भन्नु**

प्रत्येक व्यक्तिलाई कथा प्रयाप्त मात्रामा  बुझ्न र त्यो कथा अरूहरुलाई दुरुस्तै भन्न वा सिकाउन सहायता पुऱ्याउनु नै  कथालाई धेरै पटकसम्म  विभिन्न किसिमले दोहोऱ्याई रहनुको उद्देश्य हो ।  सिर्जनशील  तरिकाहरुको प्रयोग साथै विविधताको उपयोगले बालबालिकालाई प्रत्येक हप्ता क्लबमा आउन र कथा सुन्न उत्साहित गराउनेछ । **विविध क्रियाकलापहरुमा बालबालिकालाई सहायता पुऱ्याउने उद्देश्यले सबै शिक्षक तथा शिक्षिकाहरु पूर्व तयारी भएर आउँछन् ।**

यदि तपाईंसँग कथा सिकाउन दुई हप्ता समय छ भने, यसले तपाईलाई प्रत्येक हप्ता फरक-फरक क्रियाकलापहरुकासाथ कथालाई पुन भन्नको लागि अवसर मिल्नेछ । तपाईंसित सजिलै उपलब्ध भइदिने सामाग्रीहरु र तपाईंका निम्ति उपयोगी क्रियाकलापहरु प्रयोगमा ल्याउनुहोस् ! तपाईंले प्रत्येक साना समूहका लागि आवश्यक सामाग्रीहरु राख्न एउटा बाकस वा बाल्टिन वा बाटा राख्न सक्नुहुन्छ जसलाई तपाईंले कथा पुनः भन्ने क्रियाकलापहरुमा प्रयोग गर्न सक्नुहुन्छ ।

**कथाहरु**

१. प्रश्नहरुद्वारा विषयमा प्रवेश गर्नुहोस् वा खाली ठाउहरु भर्नुहोस् ( उदाहरणार्थ, " त्यसपछि दाउदले कसलाई देखे ? " वा "त्यसपछि दाउदले …            देखे ।" यस्ता कुराले बालबालिकाहरुलाई कथा सम्बन्धी ज्ञान दिनेछ । **यो तरिका लगभग प्रत्येक हप्ता नै अप्नाउन सकिन्छ** ।

२. कथा पुनरावृति लेख्नुहोस् ।
३. पात्रहरुका नजरद्वारा कथा पुनरावृति गर्नुहोस्
४. हातद्वारा हावभाव प्रस्तुत गर्नुहोस् ।
५. बाइबलबाट पढ्नुहोस् । (यदि तपाईंले कथालाई छोट्याउने उद्देश्यले बाइबलका केही पदहरु छोड्नुभएको छ वा आवश्यक नलागेका भागहरु छोड्नुभएको छ भने बाइबलबाट पढ्ने काम त्यति उपयोगी नहुन सक्छ ।)
६. आफ्नो जोडी वा साथीलाई बताउनुहोस् ।

**सङ्गीत र नाच**

१. नयाा गीत बनाउनुहोस् ।
२. बाल गीतहरु लेख्नुहोस् ।
३. लोकप्रिय गीत प्रयोग गर्नुहोस् ।
४. कथा दोहोऱ्याउनको निम्ति ( ताली बजाउादै वा औंला पड्काउादै) साङ्गीतिक ताल (Rhythm) वा गति (Movement) को प्रयोग गर्नुहोस् ।
५. साङगीतिक कुर्सीहरु (एक जनालाई कुर्सी नपुग्ने गरी कुर्सी राख्नुहोस् ) । जो व्यक्ति उभिन पुग्दछ, उसले नै कथाको अर्को भाग भन्नुपर्ने हुन्छ ।

**खेल र मनोरञ्जन**

१. डोरी

- गोलो बनाउनको निम्ति डोरीको दुई पट्टिका छेउहरुलाई गाँठो पारेर बााध्नुहोस् । बा( लबालिकाहरू डोरी बाहिर गोलो भएर उभिन्छन् । र, उनीहरु निर्देशन दिइएअनुसार डोरी सार्दै जान्छन् । जब डोरी सार्न रोक्न भनिन्छ, जसको हातमा डोरीको गााठो पर्दछ, उसलने नै बााकी कथाको भाग भन्नेछ ।
- बालबालिकाहरुले डोरी सारेको हरेक पल्ट डोरीलाई घुमाउने क्रममा नाटक वा मनोरञ्जनको लागि बालबालिकाहरुले केही आवाज वा गति (Movement) उत्पन्न गर्ने शब्द उच्चारण गर्न सक्नेछन् ।
- गााठो फुकाएर सोध्नुहोस्, "यदि यो डोरी नभएको भए, अरु के के हुन सक्थ्यो? " वस्तु वा चीजलाई विम्बको रुपमा वा कथाका पात्रहरुको रुपमा लिनुहोस् ।

२. बल (वा कुनै खेलौना वा पानी नभएको सानो बोतल)– निर्देशन दिएअनुसार एक जनाले अर्कोलाई बल फुत्त फाल्न, पास गर्न, वा अर्को व्यक्ति भएतिर गुडाउन सक्छ । जोसित बल हुन्छ, उसल नै निर्वाध रुपमा बोल्ने अधिकार प्राप्त गर्दछ । (यसरी कुनै पनि वस्तुलाई आठ्याएर राख्नु वा थिचेर राख्नुले बालबालिकाहरुलाई गाह्रो कुराहरु बारे बताउने अवसर दिन सक्छ ।) यसलाई यसरी पनि प्रयोग गर्न सकिन्छ:

- कण्ठस्थ पदको अर्को शब्द भन्नको लागि ।
- अर्को व्यक्तिलाई हृदय वा हाते प्रश्नको जबाफ दिन लाउनको लागि ।
- एउटा बालकले अर्को बालकलाई प्रश्न सोध्न लाउनको निम्ति ।
- प्रार्थनको विषय बााड्न वा कथाका कार्यगत चरणहरु बारे कुरा गर्नका लागि

३. डाइस्को एकतिरको भाग प्रयोग गर्नुहोस् । प्रत्यक बालबालिकाले डाइस् चाल्ने पालो पाउनेछन् । यदि १ वा ६ आयो भने डाइस् अर्को नानीलाई दिइने छ । यदि कुनै बालबालिकाले २, ३, ४ वा ५ पायो भने उसले कथाको अर्को वाक्याअंश वा दोश्रो वाक्य भन्नेछ । कथा पुन नभनिए सम्म यस चक्रलाई निरन्तर राख्नुहोस् ।

४. ठूलो खाले बल–त्यस बलमाथि हृदय र हाते प्रश्नहरू लेख्नुहोस् । त्यस बललाई सहभागीहरुतिर फाल्नुहोस् र जसले बल समाउँछ  उसले नै बलको सबैभन्दा माथिल्लो भागमा लेखिएको प्रश्नको उत्तर दिनुपर्ने हुन्छ ।

५. समय-सूचक वा समयको ख्याल गर्ने व्यक्ति
   - क्रियाकलाप राम्ररी सुचारु गर्न र रोक्न – विशेष गरी कथा प्रस्तोताले पनि सानो समूहलाई नेतृत्व गरिरहन परेको अवस्थामा
   - बालबालिकाहरुले समय-सीमाभित्र कथा प्रस्तुत गर्न सक्छन् कि  सक्ने रहेनछन् भनेर  थाहा पाउन पनि समयको पावन्दी तोक्न सक्नुहुन्छ ।

६. कथाका खण्डहरु – कथाका प्रत्येक खण्डलाई कागजका विभिन्न टुक्राहरुमा राख्नुहोस् अनि ती बा( लबालिकालाई बाािडिदिनुहोस् । बालबालिकाले चाहिँ कथालाई क्रमशः मिलाएर राख्नुपर्ने हुन्छ । तपाईंले समय-सीमा पनि तोक्न सक्नुहुन्छ । बालबालिकाहरुलाई यसरी कागजका टुक्राहरु दिँदै धेरै पटकसम्म यो प्रक्रिया दोहोर्‍याइरहन सक्नुहुन्छ । उनीहरुले हरेक चोटि छिटोछिोटो मिलाउनुपर्ने हुन्छ । सबै मिलाई सकेपछि फेरि पनि कथा सुन्नको लागि सबै सहभागीहरुलाई आ-आफ्नो भागमा परेको कागजको टका  पढ्न लगाउनुहोस् ।

७. बालबालिकाहरुलाई उचाइ, उमेर, जन्म दिन, नाम वा थरको शुरुको अक्षरअनुसार पङ्क्तिमा उभ्याउनुहोस् । पङ्क्तिमा उभिएको पहिलो व्यक्तिले कथाको पहिलो खण्ड भन्नुपर्ने हुन्छ । अनि त्यसपछि दोस्रो व्यक्तिले कथाको अर्को भाग भन्नु पर्ने हुन्छ । र, कथाको पुनरावृतिसम्म यो प्रक्रिया यसरी नै चलिरहन्छ ।

८. डाइसको गोटी–डाइसको गोटी हल्लाउनुहोस् अनि त्यसलाई गुडाउनुहोस् । त्यसपछि प्रत्येक बा( लबालिकाले पूर्वनिर्धारित, मन पराइएकादिमाग, हृदय र हाते ६ ओटा प्रश्नहरुमध्ये  एउटा प्रश्नको जबाफ दिन्छन् ।

**कला**

१. तपाईंले कथामा जे देख्नुहुन्छ वा कथाको कुनै भागको चित्र बनाउनुहोस् ।
- सामूहिक पोष्टर
- व्यक्तिगत पेपरहरु
- कमिक फिताहरु

२. चित्र बनाउनु वा रङ लगाउनु
३. खोप्नु
४. निर्माण गर्नु
५. नाटक

- स्टोरी बोर्डहरु (Storyboards)
- अभिनयमार्फत कथा प्रस्तुत गर्नु
- अरुहले कथा राम्ररी संझन सकून् भनेर कथालाई खण्ड-खण्ड गरेर मुक अभिनय गरेर साना समूहहरुमा प्रस्तुत गर्नु
- पपेटहरु (puppets) : कथालाई अभिनय गरेर प्रस्तुत गर्नुभन्दा पनि कथा पुनः भन्नुपर्दा पपेटहरुको प्रयोग गर्न सकिन्छ । पपेटहरु मोजाबाट वा जुनसुकै खालका सामाग्रीबाट पनि तयार पार्न सकिन्छ अनि त्यसपछि तिनलाई टेबलको पछाडिबाट चलाएर देखाउन सकिन्छ । वा, दुई जनाले तन्ना समातेर पनि पपेट प्रयोग गर्न सकिन्छ ।
- वस्तुहरु –कथालाई संझन सजिलो होस् भनेर कथामा प्रयोग भएका वस्तु वा थोकहरुलाई प्रयोग गर्न सकिन्छ ।
- नाट्य पोशाकहरु

# पाठ : ९ चेलापन
# दिमाग, हृदय र हाते प्रश्नहरु

**बाइबलका कथाहरु भन्नुको लक्ष्यचाहिँ परमेश्वरको वचनवचनद्वारा रुपान्तरित जीवनको अनुभव गराउनु हो ।** कथा भन्नु केवल जानकारी पस्कनु होइन । अवानामा सहभागी हुने शिक्षक तथा शिक्षिका र बालबालिका सबैका निम्ति यही एउटै उद्देश्य हो । त्यही रुपान्तरित अनुभव उनीहरुका आ-आफ्ना परिवार र साथीहरुसम्म पनि पुऱ्याउने हाम्रो लक्ष्य हो । त्यसकारण बाइबलका कथाहरु सिकाइको प्रक्रियामा **सही प्रश्नहरु सोध्न जान्नु पनि अति महŒवपूर्ण हुन्छ** ।

साधारणतया, विद्यालयमा अथवा बाल सङ्गतिहरुमा शिक्षक तथा शिक्षिकाहरुले सकाउँदछन् र विद्यार्थीहरुले चाहिँ सुनेर सिक्ने कोसिस गर्दछन् । तर *जीवित परमेश्वरको कथा* मा हामी केहि पृथक तरिका अपनाउँदछौं । बरु अवानाका शिक्षक/शिक्षिकाहरुले बालबालिकालाई कुशलतापुर्वक प्रश्नहरु सोध्दै उनीहरु स्वयम्लाई बाइबल कथा पत्ता लगाउन सहायता गर्दछन् । अगुवा, जसले कथा प्रस्तुत गर्दछ र साना समूहका शिक्षक तथा शिक्षिकाहरु शिक्षक भन्दा बरु उनीहरु त सहजकर्ताहरु हुन् । अगुवाहरुले आफुले सोचिरहेको कुरा बालबालिकाहरुलाई बताउनुका साटो, बालबालिकाहरुको हृदयमा र मनमा भएका कुराहरु बाँड्न दिने कोशिस गरिरहन्छन् । बालबालिकाहरुलाई निम्न तीन कुरा गर्न सहायता पुऱ्याउनु अवाना शिक्षकको लागि चुनोति हो :

१. **परिवार र साथीहरुलाई कथा सुनाउनको निम्ति कथा राम्ररी सिक्नु :** कथा शब्द-शब्द गरी कण्ठस्थ गर्नुपर्दैन बरु बाइबलीय रुपमा चाहिँ सटिक हुनुपर्दछ । र, कथामा केही पनि थपघट गर्नु हुँदैन ।

२. **कथालाई बालबालिकाका हृदयको ढुकढुकीसित जोड्न सहायता गर्नु**: बाइबलका कथालाई आफ्नै कथा बनाउन सहायता गर्नुपर्दछ ।

३. **बाइबलका कथाहरुबाट** सिकेका कुरा व्यवहारमा उतार्ने योजना बनाएर बालबालिकालाई कथाप्रति प्रत्युत्तर दिन सहायता गर्नु : उनीहरुले पवित्र आत्माको आवाज सुनेको र उहाँको नेतृत्वअनुसार चलेको हामी चाहन्छौं । बालबालिकाहरुले आगामी हप्ताभित्र "कार्यगत चरणहरु" पूरा गर्ने निर्णय गर्दछन् ।

तल प्रस्तुत गरिएको **"दिमाग,हृदय र हाते प्रश्नहरु"** पाठबाट यी तीन किसिमका फरक प्रश्नहरु बीचको अन्तर छुट्याउन हामीलाई मद्दत पुग्नेछ ।

अझै भन्नुपर्दा, *कथा भन्नु* र *कथा पुनः भन्नु* तयार पार्न तपाईंलाई सहायता पुऱ्याउन सक्ने प्रश्नहरुको मेन्यु (Menu) हरेक प्रश्नमा पाइन्छ । तपाईंले तीमध्ये कुनै पनि छान्न सक्नुहुन्छ । अथवा, तपाईंले आफ्नै पश्नहरु पनि बनाउन सक्नुहुन्छ । गाढा अक्षर (Bold) मा दिइएका प्रश्नहरु चाहिँ साधारणतया सोधिने प्रश्नहरु हुन् गाढा रङ्गभित्र भएका प्रश्नहरु साधारणतया सबैलाई सोधिने प्रश्नहरु हुन् । यदि तपाईं कुनचाहि प्रश्न सोधुा भनी दोधारमा हुनुहुन्छ भने जहिले पनि यहाा दिइएकै प्रश्नहरुद्वारा शुरु गर्न सक्नुहुन्छ ।

# दिमाग, हृदय, हाते प्रश्नहरु

## चिन्नु , प्रेम गर्नु, सेवा गर्नु

## के ?  त्यसो भए के  ? अब के?

## दिमाग प्रश्नहरु (तथ्यगत कुराहरु)

**कथाको विषय-वस्तु बुझ्नु मेरो  मेरो उद्देश्य हो ।**

**कथाले के भन्दैछ ? कथामा के के घट्ना घट्यो ?**

**परमेश्वरलाई उहाँको वचनद्वारा चिन्न चाहन्छु ।**

१. कथामा पात्रहरु को को थिए? अथवा कथाका पात्रहरुका समूह के के थिए ?

२. कथाले पात्रहरुसित परमेश्वर वा येशू ख्रीष्टको  सम्बन्ध कस्तो थियो भनी वर्णन गरेको छ ?

३. यस कथामा येशूले /परमेश्वरले पात्रहरुलाई के कुरा देखाउन वा सिकाउन लाग्दै हुनुहुन्थ्यो होला ?

४. यस कथाबाट येशू/परमेश्वरसित..........................................को सम्बन्ध बारेमा के सिक्नुभयो ?

५. **कथामा भएका मानिसहरुप्रति येशूले/परमेश्वरले कस्तो प्रतिउत्तर दिनुभयो? यसले इङ्गित गर्न खोजेको हो ?**

६. येशूले/परमेश्वरले कसरी प्रतिउत्तर दिनुभयो, जब.................................................. ?

७. मानिसहरुले चाहिँ ........................... कसरी प्रतिउत्तर दिए ?

८. परमेश्वर/येशूले चाहि ...................................कसरी प्रतिउत्तर दिनुभयो ?

   क. के शर्म हटाएर आदर देखाउनुभयो ? अथवा,

   ख. के डर हटाएर शक्ति देखाउनुभयो ? अथवा,

   ग. के दोष  हटाएर क्षमादान दिनुभयो ?

९. तपाईंले येशू /परमेश्वर कस्तो हुनुहुादोरहेछ भनी थाहा पाउनुभयो ?

१०. मानिहरुले कस्तो कुरा छनोट गरे ? उनीहरुले के के गर्न सक्थे ? उनीहरुले जुन कुरा रोजे, त्यसको परिणाम कस्तो रह्यो ?

११. कथाबाट .............विश्वासमा, व्यवहारमा अथवा आनीबानीमा कस्ता के परिवर्तनहरु अनुभव गरे ?

१२. तपाईंले कथाबाट परमेश्वर / वा येशू / .......................को बारेमा के थाहा पाउनुभयो ?

१३. परमेश्वर/ येशूलाई पछ्याउनको लागि उठाउनु पर्ने जोखिम के थियो ?

१४. कथाका पात्रहरु कसरी उस्तै-उस्तै र कसरी भिन्नै-भिन्नै छन्?

१५. तपाईंलाई अघिल्ला कथाहरु संझना गराउने केही कुरा सुन्नुभयो कि ? तपाईंले त्यससित कस्तो सम्बन्ध स्थापित गर्नुभयो त ?

## हृदय प्रश्नहरु (भावना)

**कथालाई मेरो हृदयमा स्पर्श गर्न दिनको निम्ति कथासित भावनात्मक र आत्मिक रुपमा जोडिनु मेरो लक्ष्य हो । कथा मेरो जीवनसित कसरी सम्बन्धित हुन्छ ?**

**कथा किन महŒवपूर्ण छ ? मेरो लागि कथा किन महŒवपूर्ण छ ?**

**म परमेश्वरलाई उहाँको वचनद्वारा प्रेम गर्न चाहन्छु ।**

१६. **कथा भनिादै गर्दा तपाईं के कुरा कल्पना गर्दैहुनुहुन्थ्यो ? त्यसले तपाईंलाई कस्तो अनुभव गरायो ?**

१७. **के तपाईंले आफू कथाभित्र भएको कल्पना गर्न सक्नुभयो ? कथा भनिँदै तपाईंले के सुन्नुभयो/ के देख्नुभयो/ सुघ्नुभयो ?**

१८. **कथामा तपाईंलाई के कुरा विशेष लाग्यो ?**

१९. **तपाईंलाई कथाको बारेमा के मन पर्‍यो ? तपाईंलाई मन नपर्ने केही थोक त्यहाँ थियो ?**

२०. तपाईंको विचारमा आजको कथामा सबैभन्दा महत्त्वपूर्ण भाग के थियो ?

२१. **कथा सुन्दै गर्दाखेरि तपाईंमा के के भावनाहरु आए ?**

क. यदि ....................................................तपाईंलाई कस्तो लाग्ने थियो ?

२२. **कथा भन्दै गर्दा तपाईंलाई के कुरा अचम्म लाग्यो ?**

क. तपाईंको विचारमा ती कस्ता किसिमका संवेगहरु थिए.............................?

ख. तपाईंको विचारमा कस्ता भावनाहरु अभिप्ररित भए....................?

ग. तपाईंको विचारमा त्यो कस्तो थियो होला.................?

२३. यस कथामा ..............................को हृदय र दिमागमा "के भइरहेको थियो होला भन्ने तपाईंलाई लाग्दछ ?

२४. आजको कथाले तपाईंलाई के कुरामा  छक्क तुल्यायो वा अचम्मित पा-यो ?

२५. आजको कथामा कुन पात्र तपाईंको जीवनसाग सबैभन्दा बढी मेल खान्छ ?

२६. तपाईंको भावनामा येशू /परमेश्वरका लागि एकदमै महŒवपूर्ण कुरा के रहेछन् ? साथै पात्रको लागि पनि ?

२७. हामी पनि कुन कुरामा "..................जस्तै हुने रहेछौं ? अनि, के के  कुरामा हामी फरक रहेछौं त ?

२८. **आज तपाईंले निम्न विषयमा के के सिक्नुभयो त ?**

क.**परमप्रभु/येशू ?**

ख. समग्र कथा ?

ग. आफ्नै बारेमा ?

घ.येशूलाई पछ्याउनु भनेको के हो ?

२९. कथा सुनिसकेपछि तपाईंले आफैलाई हेर्ने दृष्टिकोणमा यसले कस्तो परिवर्तन ल्याउला ?

३०. किन आफूलाई ..........................ठान्नुहुन्छ?

३१. तपाईंको विचारमा परमेश्वरले यो कथा किन बाइबलमा राख्न लाउनुभयो  ?

३२. अबचाहिँ तपाईंलाई परमप्रभु/येशूको बारेमा कस्तो अनुभूति भइरहेछ ?

३३. आज तपाईंले सुन्नुभएको रोचक कुरा के हो ?

३४. कुन अवस्थामा हाम्रो परिस्थिति पनि ....................को जस्तै हुन्छ ?

३५. **यस कथाले तपाईंलाई कस्तो चुनौती दिन्छ वा कस्तो हौसला प्रदान गर्दछ ?**

## हाते प्रश्नहरु (इशाराहरु)

⇒ **मैले कथाबाट सिकेको कुराप्रति प्रत्युत्तर जनाउनलाई पवित्र आत्माको निर्देशन खोजी गर्नु नै मेरो उद्देश्य हो । कथाबाट सिकेको कुरा मेरो जीवनमा कसरी उतार्नु पर्ला ?**

⇒ **मैले कथाबाट सिकेको कुराबाट परमेश्वर मैले के गरेको चाहनुहुन्छ ?**

⇒ **मैले उहााको वचनबाट जे सिकेको छु, सो पालन गरेर परमेश्वरको सेवा गर्न चाहन्छु ।**

३६. **आज तपाईंले जे जे सिक्नुभयो, निम्न विषयहरुप्रति तपाईंलाई अनुभूति भइरहेछ ?**

**क. येशू/परमप्रभु/ पवित्र आत्माले तपाईंलाई भनिरहनुभएको विषयमा ?**

**ख. परमप्रभु/येशू/पवित्र आत्माले तपाईंलाई यस गर भनी भनिरहनुभएको विषयमा ?**

३७. **आजको कथाको कारण ...**

**क. तपाईंले के कुरा फरक किसिमले गर्न सक्नुहोला ?**

**ख.तपाईं कसरी फरक तरिकाले जिउन सक्नुहोला ?**

**ग. तपाईंले  उहाँलाई प्रेम गर्ने र उहााको सेवा गर्ने तरिकमा यसले के भिन्नता  ल्याउलाफ ?**

३८. यस कथाबाट येशूलाई पछ्याउने व्यक्ति बन्नु बारे के सिक्नुभयो ?

क. के तपाईंले त्यस्तो चरित्र विशेषता सिक्नुभयो, जुनचाहिँ तपाईंले यो हप्ता आफ्नो घरमा अभ्यास गर्न सक्नुहुन्छ ?

ख. तपाईंले यो हप्ता पालन गर्नुपर्ने के त्यहाा कुनै विशेष कुरा छ ?

३९. आज परमेश्वर/येशूलाई आज कसरी प्रत्युत्तर दिनुहुनेछ ?

४०. तपाईंहरु मध्ये यो हप्ता कसले चाहिँ कथा भन्न सक्नुहुन्छ ?

४१. तपाईंको विचारमा परमेश्वरले तपाईंलाई यस कथामा कसरी सहकार्य गराउन चाहनुहुन्छ ?

४२. के परमेश्वरले तपाईंलाई कहिल्यै ..................................प्रयोग गर्नुभएको छ ?

४३. यो कथाले सुसमाचार सम्बन्ध राख्दछ ?

क. के तपाईं परमप्रभुलाई यसरी चिन्न चाहानुहुन्छ ? के अहिले तपाईंको जीवनमा केही कुरा भइरहेकोछ, जहाँचाहिँ परमप्रभु/येशू/पवित्र आत्मा तपाईंलाई सहायता गर्न सक्नुहुन्छ ?

ख. आज तपाईंले कथाबाट जे सिक्नुभयो, त्यसको कारण के तपाईं प्रभु येशूलाई आफ्नो मुक्तिदाता भनी विश्वास गर्न चाहनुहुन्छ ?

ग. के तपाईं सुसमाचारको खााचो परेको कोही व्यक्तिलाई चिन्नुहुन्छ ? जसले तपाईंले भनेको कथाबाट लाभ लिन सक्छ ?

**प्रश्नहरु सोधिने तक्निकीहरु (तरिकाहरु)**

१. सामूहिक अन्तरक्रियामा **खुल्ला प्रश्नहरु** (Open-ended questions) सोध्नुहोस् । “हो”, वा “होइन”, वा “परमेश्वर” भनेझैं एकै शब्दमा उत्तर दिन मिल्ने प्रश्नहरु नगर्नुहोस् ।

२. अझै गहिराइमा जान **जिज्ञासामूलक प्रश्नहरु** (Probing questions) सोध्नुहोस् । (जस्तै,“यो धेरै चाखलाग्दो छ । के कुराले तपाईंलाई त्यस्तो सोच्न लगायो?” वा “तपाईंको मूल्याङ्कन सही छ । किन तपाईंलाई त्यस्तो लाग्छ ?” वा “किन त्यो धेरै महŒवपूर्ण थियो? ”

३. नेतृत्वकर्ताले जबाफ दिनुको साटो समूहकै व्यक्तिहरुले जबाफ दिन सक्छन् कि भन्ने आशयले समूहलाई नै **उल्टा प्रश्नहरु** (Push-back questions) सोध्नुहोस् । “तपाईं के सोच्नुहुन्छ?”, “अरुले तपाईंका बारेमा के सोच्दा हून्?” “ल अब फेरि कथातिरै फकौं । के त्यहाँ यसको जबाफ छ होला ?”

**प्रश्नहरुको जबाफ दिने तरिकाहरु**

१. यदि बालबालिकाले सोधेको प्रश्न, विशेषगरी ईश्वरशास्त्र सम्बन्धमा सोधिएको प्रश्नको जबाफ तपाईंलाई थाहा भए न पनि केही छैन । भन्नुहोस्–मलाई थाहा छैन वा यो प्रश्न सम्बन्धी खोजुँला अनि पछि बताउाला भनी बालबालिकालाई भन्न सक्नुहुन्छ । यदि तपाईंले पछि बताउँला भनी जबाफ दिनुभयो भने आफ्नो वचनमा इमान्दार हुनुहोस् र त्यसैअनुसार गर्नुहोस् ।

२. यदि तपाईंलाई उत्तर थाहा छ भने पनि त्यो प्रश्नको जबाफ सामूहिक रुपमै दिने हो वा सोध्ने बालकलाई व्यक्तिगत रुपमा पछि भेटेर दिने हो सो तपाईंले निर्णय गर्नुपर्छ । उदाहरणको लागि, यदि बालक वा बालिकाले उद्धार कसरी पाउन सकिन्छ भनी सोधेमा उसलाई वा उनलाई व्यक्तिगत रुपमा भेटेर सुसमाचारको विषयमा स्पष्ट नपारुन्जेल पर्खनुहोस् ।

३. छलफललाई बाइबल कथाभन्दा बाहिर जान नदिनुहोस् । बाइबल कथामै रहेर छलफल जारी राख्नुहोस् ।

**चेलापन जवाफदेहीताका निम्ति हाते प्रश्नहरु**

१. दिइएको जानकारीले मात्रै येशूजस्तै बन्नको निम्ति कुनै पनि व्यक्तिको जीवनलाई परिवर्तन गर्न सक्दैन **। परमेश्वरको आज्ञापालनले नै मात्रै हाम्रो जीवन रुपान्तरित हुन्छ ।**

२. हरेक पाठको अन्त्यमा, **बाइबल अध्ययनको समूह नेतृत्वकर्ताले हरेक बालबालिकालाई कथा सम्बन्धी प्रत्युत्तर दिन उत्साह दिने हेतुले "हाते प्रश्नहरु "सोध्दछन्** । बालबालिकाहरुका जीवनमा पवित्र आत्माले नै अद्धितीय किसिमको काम गर्नुहुनेछ ! तिनीहरु मध्ये कति जनाले आगामी हप्ता भरिमा आफ्नो समूहलाई बताउन प्रतिवद्ध हुन चाहन्छन् सोध्नुहोस् । (प्रत्येक बालबालिकाले आफ्नो परिवार र साथीहरुलाई कथा सुनाउने प्रबल संभावना रहन्छ । यदिप, पवित्र आत्माले नै बालबालिकाहरुलाई अन्य क्षेत्रमा पनि नेतृत्व गर्न सक्नुहुन्छ ।)

**३. बालबालिकाले गरेका प्रतिवद्धताहरु लेख्नुहोस् ।** बालबालिकाहरुलाई अर्को पटक फेरि क्लबमा भेट्नु र परमेश्वरले उनीहरुलाई भन्नुभएअनुसार गरे कि गरेनन् बुझ्नु अत्यन्तै महत्त्वपूर्ण हुन्छ । यदि उनीहरुले त्यसो गरेका रहेनछन् भने फेरि उनीहरुलाई त्यसो गर्न प्रयास गर्न उत्साह दिनुहोस् । यदि तिनीहरुले गरे भने, के के भयो र कस्तो भयो भनी सोध्नुहोस् ।

४. आगामी हप्ताहरुमा आफ्नो समयकै शुरुमा बालबालिकाहरुलाई **अनुगमनको रुपमा परमेश्वर को आज्ञापलन गर्दा के भयो भनी सोध्नुहोस् ।** यदि उनीहरुलाई तपाईंले सोध्नुहुनेछ भन्ने थाहा छ भने उनीहरु साच्चिकै केही गर्न चाहन्छन् । तपाईंको निरन्तर अनुगमन र सोधाइले उनीहरुलाई त्यस विषयमा जबाफदेही तुल्याइरहन्छ । त्यसकारण अनुगमन र प्रश्न सोधाइ अति महत्त्वपूर्ण हुन्छ ।

५. अनुगमन गराइ र प्रश्न सोधाइ भनेको **केही पनि नगर्नेहरुलाई वा भन्ने कुरा केही पनि नभएकाहरुलाई लाजमा पार्नको निम्ति होइन** तर यो त **आज्ञापालन गर्ने वा व्यवहारमा उतार्नेहरुलाई सम्मान र प्रोत्साहन दिनलाई हो** । यदि तपाईंले सोध्नु भएन भने, तपाईंले उनीहरुले त्यसो गरुन् भन्ने वास्तवमै अपेक्षा राख्नु भएको छैन भन्ने कुरा देखाउनुभएको हुन्छ ।

# बाइबल कथाहरु सिकाइको लागि वातावरण सिर्जना गर्नु

*यसैले स्नेहपूर्वक तिमीहरुको चाहना गरेर हामीहरु परमेश्वरको सुसमाचार मात्र होइन,तर हाम्रो प्राणसमेत तिमीहरुलाई दिन तत्पर थियौं, किनकि तिमीहरु हाम्रा निम्ति अति प्रिय भएका थियौ । (१ थेसलोनिकी २:८)*

बालबालिकाहरुका निम्ति येशूको अनुयायी बन्न रोमाञ्चक बनाउने वातावरण सिर्जना गर्न हामीले निम्न कुरा गर्नुपर्दछ :

१. **वास्ता गर्ने समुदायको निर्माण गर्नुहोस्** । बालबालिकालाई चिन्ने, प्रेम गर्ने र सरोकार राख्ने समूहहरु बनाउनु महत्त्वपूर्ण हुन्छ । तपाईंको संस्कृतिमा बालबालिकाहरु सााच्चै महत्त्वपूर्ण छन् भनेर कसरी देखाउनुहुन्छ ? बालबालिकाहरुले आफूलाई वास्ता गरिएको कुरा कसरी थाहा पाउँछन् ? याद गर्नुहोस्, संसारभरिकै मानिसहरु अपनत्व बोध गर्न चाहन्छन् । तपाईंले कसरी अपनत्व बोध गराउन सक्नुहुन्छ सो बारे केही तरिकाहरु यहाँ प्रस्तुत गरिएका छन् :

- सुरक्षित वातावरणको सिर्जना गर्नुहोस्, जहाँ गल्तीहरुचाहि सिकाइ प्रक्रियाका हिस्सा बनून् ।
- खिसीटिउरी वा अपमान रहितको, प्रोत्साहपूर्ण वातावरण सृजना गर्नुहोस् ।
- हरेक बालबालिकाबाट उत्तम कुरा अपेक्षा राख्नुहोस् । सकारात्मक शब्दहरु र हावभावहरु प्रयोग गर्नुहोस् ।
- बालबालिकाका क्षमतामा आत्म-बल सञ्चार गर्नुहोस् ।
- सकारात्मक सङ्केतहरु (शब्दरहित) नमूना देखाउनुहोस् ( हामीले सञ्चार गर्ने ७५ प्रतिशत सञ्चारचाहिँ  सांकेतिक हुन्छन् ) ।

- सामाजिक भावनाको विकास गर्नुहोस् र परमेश्वरको वचनमा उल्लेखित "एकअर्का पदहरु" अभ्यास गर्नुहोस् । उदाहरणको लागि, एकअर्काको लागि प्रार्थना गर, एकअर्कालाई उत्साह देओ, एकअर्कामा प्रेम गर, एकअर्कालाई क्षमा गर, एकअर्काप्रति सहनशील बन, एकअर्काको भार उठाओ ।

२. **सहभागिता र अपनत्व बोध गराउनुहोस् ।** बाइबल कथा सिकाइ भनेको एक जना शिक्षक वा शिक्षिकाले मात्र बोल्ने होइन तर सबै जना समान रुपमा सहभागी हुने सिकाइ हो । बालबालिकाले आफूलाई म त्यस समूहको हुँ भन्ने गजबको अनुभूति गराउने उद्देश्यले उनीहरुलाई केही गर्न दिनलाई कहिलेकाँही, उनीहरुका इच्छाअनुसार रोज्न दिनुहोस् ।

- जोडीमा वा समूहमा काम गर्नुहोस् ।
- एउटै स्वरमा मुखाग्र गर्नुहोस् वा गीत गाउनहोस् ।
- कसैलाई एउटा अंक भन्न लगाउनुहोस् ।
- व्यक्तिगत रुपमा –उनीहरुलाई हात उठाउन लगाउनुहोस् ।
- सबैको वरिपरि भकुण्डो, खेलौना वा पपेट जस्ता थोक पास गर्न लगाउनुहोस् ।

३. **बालबालिकाहरु प्रभाव पार्न चाहान्छन्**

- उनीहरुले साहयता गर्न सक्ने काम छान्नुहोस् ।
- भएसम्म उनीहरुलाई आफ्नो योजना निर्माणमा समावेश गर्नुहोस् । तपाईंसित सहकार्य गर्न सक्ने सहायक अगुवा नियुक्त गर्न सक्नुहुन्छ
- अलिक ठूला बालबालिकाहरुले स-साना बालबालिकाहरुलाई सहयोग गर्न सक्छन् ।

४. **मनोरञ्जन गर्नुहोस्**

- आश्चार्य पार्ने विषयहरु सिर्जना गर्नुहोस् ।
- पाठहरुमा खेलहरु समावेश गर्नुहोस् ।
- बालबालिकाद्धारा सम्पादित असल कुराको उत्सव मनाउनुहोस् ।
- मुस्कुराउनुहोस्

# बाइबल कथा प्रस्तुतिकरणको तयारी

## *कथाको शुरुआत*

१. बालबालिकालाई आफ्नो व्यक्तिगत कथा अरुलाई सुनाउन सहायता गर्ने प्रश्न वा क्रियाकलापको छनोट गर्नुहोस् ।
२. उनीहरुले दिएका उत्तरले के उनीहरुका संवेग प्रवाह गर्ला त ?
३. प्रश्नहरु गर्नुहोस् जसको लागि "हो" वा "होइन" मात्रै जबाफ आउनेभन्दा अझै बढी उत्तर दिनु अवश्यक हुन्छ ।

## *कथाको पृष्ठभुमि*

१. के त्यहाँ व्याख्या गर्नपर्ने शब्दहरु छन् ?
२. कथाभन्दा पहिला घटेका घटनाहरु जान्न के बालबालिकाका निम्ति महत्त्वपूर्ण छ त ?
३. के भौगोलिक स्थानहरु जान्न महत्त्वपूर्ण छ ?
४. के त्यहाँ व्याख्या गर्न पर्ने महत्त्वपूर्ण सांस्कृतिक भिन्नताहरु छन् ?
५. के त्यहाँ अघिल्ला कथाहरुबाट पुनरावृति गर्न उपयुक्त केही चीजहरु छन् ?

## *कथा भन्न* को लागि योजना बनाउनुहोस्

१. के म बालबालिकाहरुलाई कथामा सहभागी गराउन सक्छु ?
२. के त्यहाँ कथालाई अझै आकर्षक र जीवन्त तुल्याउने केही नाटकीय तत्त्वहरु छन् ?
३. के त्यहाँ समूहलाई देखाउन सकिने दृष्यमान चीज छ ?
४. के त्यहाँ सान्दर्भिक बनाउन आवश्यक कथाका भागहरु छन् ? जस्तै : कथाभित्रका नामहरु, ठाउँहरु र "कलिला" कानका निम्ति परिवर्तन गरिनु पर्ने शब्दहरु ।
५. के बालबालिकाका निम्ति कथाको समयावधि उपयुक्त छ, ताकि उनीहरुले अरुहरुलाई कथा भन्न सकून् ?

## *कथा पुःन भन्न* योजना बनाउनुहोस्

१. बालबालिकाहरु वास्तवमा के गर्न बढी आनन्दित हुन्छन् ?
२. बालबालिकालाई सक्रिय तुल्याउन त्यस क्षणमा प्रयोग नगरिएको कुनै क्रियाकलाप छ कि ?
३. के त्यहाा सबै बालबालिकाहरुलाई सहभागी हुन पुग्ने आवश्यक सामाग्रीहरु छन् ?

## *दिमाग र हृदय प्रश्नहरुको* योजना बनाउनुहोस्

१. के मसित दिमागलाई मात्रै होइन तर हृदयलाई पनि समावेश गर्ने खालका प्रश्नहरु तयार छन् त ?
२. बालबालिकाहरु जहाँ छन्, उनीहरुका परिवेशमा कथाको कुनचाहिँ भाग एकदमै उपयुक्त हुन सक्ला ? के मसित पवित्र आत्माले अगुवाइ गर्नुभएको दिशातिर छलफल अघि बढाउन सहायता गर्ने प्रश्नहरु छन् त ?
३. पवित्र आत्माले यस छलफललाई जतातिर मोड्न चाहनुभएको छ, त्यस अनुसारको अगुवाइ प्राप्त गर्न कै मैले यस पाठको विषयमा प्रार्थना गरेको छु ?